**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ जून २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- .आम मानिसहरुसम्म सरकारी सेवाहरु सहज रुपमा पुर्याउने उद्देश्यले राज्य सरकारले आगामी 15, 16 अनि 17 जूनमा राज्यको प्रत्येक खण्डमा जनकल्याण शिविर आयोजित गर्नेछ ।

- २.राज्य सरकारले आम मानिसहरुको शिकायतहरु अनि सरकारी सेवाहरुसित सम्बन्धित समस्याहरुको समाधान गर्न ‘आपकी सरकार आपके साथ’ पोर्टल शुरू गरेको छ।

- ३.पश्चिम बंगालका पञ्चायत अनि ग्रामीण विकास मन्त्री दिलिप घोषले पहाडको विकासको लागि सबैजना मिलेर काम गर्नुपर्छ, सरकार साथमा छ भनि बताउनु भएको छ |

- ४.मोदी सरकारको 12 वर्ष पूरा भएको अवसरमा भाजपा जिल्ला अध्यक्ष र खरसाङका विधायकले दार्जिलिङ पहाडको जनता र पार्टी कार्यकर्ताहरुको तर्फबाट बधाई दिनु भएको छ।

- ५.(भाजपा) सरकारको १२ वर्ष पुगेको अवसरमा १५ जुनका दिन सिलिगुडीको बागडोगरा विमानस्थलमा “यात्री सुविधा दिवस” मनाउने घोषणा गरिएको छ।

**जनकल्याण शिविर**

आम मानिसहरुसम्म सरकारी सेवाहरु सहज रुपमा पुर्याउने उद्देश्यले राज्य सरकारले एउटा नयाँ पहल शुरू गर्न गैरहेको छ। पहिलाको ‘दुआरे सरकार’ योजना जस्तै अब जनकल्याण शिविर आयोजित गरिनेछ। आगामी 15, 16 अनि 17 जूनमा राज्यको प्रत्येक खण्डमा यस विशेष शिविरको आयोजन गरिनेछ। नवान्न सूत्रहरु अनुसार, नयाँ सरकारको यो पहिलो ठुलो जनसंपर्क कार्यक्रम मानिंदैछ।

**Byte**

तीन दिनसम्म चलने यस शिविरमा आम नागरिकहरुलाई एकै स्थानमा सरकारको बिभिन्न 55 वटा सेवाहरु अनि योजनाहरुसित सम्बन्धित जानकारी एवं सहायता उपलब्ध गराईनेछ । अन्नपूर्णा योजनालाई लिएर मानिसहरुमा विशेष उत्साह देखिंदैछ। धैरे आवेदकहरुले आवेदन पत्र भर्न , आवश्यक दस्तावेज जमा गर्न अनि योजनाको नियमहरु बुझ्न समस्याको सामना गर्न परिरहेको छ। यस्तै समस्याहरुको समाधान गर्न यस शिविरको आयोजन गरिँदैछ। सरकारी सुत्रहरुको दावी अनुसार यस शिविरमा राज्य अनि केंद्र सरकारको विभिन्न जनकल्याणकारी योजनाहरुबारे जानकारी अनि सहायता प्रदान गरिनेछ। अन्नपूर्णा योजना, युवा शक्ति परियोजना, विधवा पेंशन, वृद्धावस्था पेंशन अनि पीएम किसान योजना जस्ता योजनाहरुमा नयाँ आवेदन अनि नामांकनको सुविधा पनि उपलब्ध रहनेछ। यस बाहेक आधार कार्ड, वोटर कार्ड अनि अन्य सरकारी दस्तावेजहरुमा भएको त्रुटि सुधारसित सम्बन्धित प्रक्रियामा पनि मानिसहरुलाई सहयोग पुर्याईनेछ। यदि कुनै सरकारी सेवासित सम्बन्धित कुनै समस्या भए वा आवेदन लामो समय देखि थाँतीमा रहेको’ छ भने नागरिकहरुले शिविरमा सिधै शिकायत दर्ता गर्न सक्नेछन् ।प्रशासनको भनाइ छ कि जानकारीको कमी वा जटिल प्रक्रियाहरुको कारण कोही पनि पात्र व्यक्ति सरकारी लाभबाट बन्चित नरहुन, यसै उद्देश्यले यो कार्यक्रम शुरू गरिंदैछ। सबै जिल्लाहरुलाई यसको सफलताको लागि आवश्यक तैयारिहरु गर्ने निर्देश अघिबाटै जारी गरिसकिएको छ। उल्लेखनीय छ - राज्य सरकारले आफ्नो चुनावी वाचाहरु पुरा गर्न सरकारको योजनाहरु सिधै मानिसहरुसम्म पुर्याउने उद्देश्यले यो तीन दिवसीय बृहत जनसम्पर्क कार्यक्रमको आयोजन गरिरहेको छ।

**'आपकी सरकार आपके साथ' पोर्टल**

राज्य सरकारले आम मानिसहरुको शिकायतहरु अनि सरकारी सेवाहरुसित सम्बन्धित समस्याहरुको समाधान गर्न 'आपकी सरकार आपके साथ' पोर्टल शुरू गरेको छ ।यस भन्दा पुर्व यसै नामले हेल्पलाइन सेवा शुरू गरिएको थियो । अब नागरिकहरुले ऑनलाइन माध्यम द्वारा पनि आफ्नो शिकायत सिधै मुख्यमंत्री कार्यालयसम्म पुर्याउन सक्नेछन् । मुख्यमंत्री कार्यालयको वेबसाइटमा उपलब्ध यस पोर्टलमा हेल्पडेस्क नंबर, ईमेल सुविधा अनि शिकायत दर्ता गर्ने विकल्प दिईएको छ । अन्नपूर्णा योजना, वृद्धावस्था पेंशन, विधवा पेंशन सहित विभिन्न सरकारी योजनाहरु अनि सेवाहरुसित संबंधित शिकायतहरु यहां दर्ता गराउन सकिनेछ । शिकायत दर्ता गराउनको लागि आवेदकहरुले सबैभन्दा पहिला आफ्नो मोबाइल नंबर दर्ता गराउनु पर्नेछ । त्यसपछि ओटीपी सत्यापन अनि कैप्चा प्रक्रिया पुरा गर्नु पर्नेछ । सत्यापन पछि शिकायत पंजीकरण पृष्ठ खोलिनेछ जहां नाम, ठेकाना , जिला, महकुमा , थाना, विधानसभा क्षेत्र अनि डाकघर सम्बन्धि जानकारी भर्नु पर्नेछ । यसको साथै आवेदकको आयु, ईमेल अनि वैकल्पिक संपर्क नंबर पनि दिनु पर्नेछ । नागरिकहरुले आफ्नो शिकायतसित संबंधित दस्तावेज पनि अपलोड गर्नसक्ने छन् । सबै जानकारी भरे पछि आवेदन जमा गर्न सकिनेछ ।
सरकारी सेवाहरु प्राप्त गर्नमा कुनै पनि प्रकारको बाधा वा समस्या भए मानिसहरुले 8282082820 नंबरमा संपर्क गर्न सक्नेछन् । यस बाहेक asap@wb.gov.in मा ईमेलको माध्यम द्वारा पनि शिकायत पठाउन सकिनेछ । अब पोर्टल शुरू भए पछि शिकायत दर्ता गराउने अझ एउटा ऑनलाइन विकल्प मानिसहरुलाई उपलब्ध भएको छ ।

ग्लोबल शेर्पा मिट २०२६

ग्लोबल शेर्पा एसोसिएसनका अध्यक्ष श्री थेन्डुप शेर्पाको निर्देशन तथा मार्गदर्शनमा अल इण्डिया शेर्पा बुद्धिष्ट एसोसिएसनको तत्वावधानमा आगामी ग्लोबल शेर्पा मिट २०२६ लाई भव्य, व्यवस्थित तथा सफलतापूर्वक सम्पन्न गर्ने उद्देश्यले दोस्रो समन्वय बैठक हिज रंगपोस्थित समाज घरमा सम्पन्न भएको छ।
कार्यक्रमको शुभारम्भ लामागुरुहरूद्वारा छेपा गे प्रार्थना सम्पन्न गरी सोर्के कार्यक्रममार्फत गरिएको थियो। त्यसपछि अल इण्डिया शेर्पा बुद्धिष्ट एसोसिएसनका कार्यकारिणी सदस्य श्री तार्बु शेर्पाले शेर्पा भाषामा स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।
बैठकलाई सम्बोधन गर्ने क्रममा विभिन्न वक्ताहरूले ग्लोबल शेर्पा मिट २०२६ को महत्व, यसको सफल आयोजनाका लागि आवश्यक तयारी तथा समुदायको एकताको विषयमा आफ्ना विचार व्यक्त गरेका थिए ।

खरसाङमा पत्रकार सम्मेलन (भाजपा )

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतीय जनता पार्टी र एनडीएको 12 वर्ष पूरा भएको अवसरमा खरसाङमा पत्रकार सम्मेलन आयोजना गरेर भारतीय जनता पार्टीको दार्जिलिङ जिल्ला अध्यक्ष सञ्जीव लामा र खरसाङका विधायक सोनाम लामाले दार्जिलिङ पहाडको जनता र पार्टी कार्यकर्ताहरुको तर्फबाट बधाई दिनु भएको छ । पत्रकारहरुलाई सम्बोधन गर्दै भारतीय जनता पार्टीको दार्जिलिङ जिल्ला अध्यक्ष सञ्जीव लामाले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा सबका साथ, सबका विकास महत्वपूर्ण रहेको र 12 वर्ष जनताको पक्षमा रहेको बताउनु भयो । उहाँले भन्नु भयो , अहिले राज्यमा भाजपाको सरकार छ र केन्द्रको अधिकांश योजनाहरु अब लागु हुनेछ। किनभने पहिलेको सरकारले यसलाई लागु गरेको थिएन र बंगाल र पहाडमा जनताहरु केन्द्र सरकारको परियोजनाहरुबाट वञ्चित रहेका थिए |
लामाले अब राज्य र पहाडमा विभिन्न केन्द्र सरकारको विभिन्न परियोजनाहरु लागु हुने र जनता लाभान्वित हुने बताउनु भयो ।

दिलिप घोष

पश्चिम बंगालका पञ्चायत अनि ग्रामीण विकास मन्त्री दिलिप घोषले दार्जिलिङ हिमालयन रेलवेको आयोजनामा खरसाङमा चलिरहेको ध्रुमा फिल्म फेस्टिभलको दोस्रो दिनको कार्यक्रमको उदघाटन गर्नु भएको छ । दार्जिलिङ हिमालयन रेलवेको आयोजनामा खरसाङमा चलिरहेको समर फेस्टिभल अन्तर्गत ध्रुमा फिल्म फेस्टिभलको दोस्रो दिनको कार्यक्रममा सहभागी हुनुहुँदै उहाँले फिल्म फेस्टिभलमा विभिन्न फिल्महरुको आनन्द लिनु भयो । उक्त कार्यक्रममा श्री घोष प्रमुख अतिथिको रुपमा उपस्थित रहेका थिए । उहाँ सितै खरसाङका विधायक सोनाम लामा, दार्जिलिङ हिमालयन रेलवेको निर्देशक रिसभ चौधरी लगायत अन्यहरु उपस्थित रहेका थिए। यस कार्यक्रममा पश्चिम बंगालका पञ्चायत अनि ग्रामीण विकास मन्त्री दिलिप घोष, खरसाङका विधायक सोनाम

लामाले पनि वक्तव्य राखेका थिए। स्वागत सम्भाषण निर्देशक रिसभ चौधरीले राखेका थिए। यस कार्यक्रमपछि मन्त्री दिलिप घोष लगायत अन्यले ट्रोय ट्रेनमा पनि फिल्मको आनन्द लिएका थिए। उनी खरसाङबाट ट्रोय ट्रेनको यात्रा गर्दै टुंगसम्म गएका थिए। यस कार्यक्रमपछि पत्रकारहरुलाई सम्बोधन गर्दै पश्चिम बंगालका पञ्चायत अनि ग्रामीण विकास मन्त्री दिलिप घोषले सरकार गठन भएको एक महिना मात्रै भएको र सरकारले पञ्चायत व्यवस्थामा धेरै विकास गर्ने साथै पहाडको विकासको लागि काम गर्ने पनि बताउनु भयो।

पहाडको विकासको लागि सबैजना मिलेर काम गर्नुपर्छ, सरकार साथमा छ: मन्त्री दिलिप घोष

'पहाडको विकासको लागि सबैजना मिलेर काम गर्नुपर्छ। सरकार साथमा छ। विभिन्न विकासको लागि सरकारलाई सबैले मिलेर सल्लाह सुझाउ दिनुहवस। सरकार सहयोग गर्न तयार छ। सरकार गठन भएको भर्खर एक महिना हुँदैछ। सरकारलाई यहाँको विभिन्न समस्याहरु समाधानको लागि सल्लाह सुझाउ दिन सक्नु हुन्छ। सरकार पनि सहयोग गर्न तयार छ।' उक्त कुरा खरसाङमा दार्जिलिङ हिमालयन रेलवेको आयोजनामा भइरहेको समर फेस्टिभल अन्तर्गत धुमा फिल्म फेस्टिभलको दोस्रो दिन प्रमुख अतिथिको रुपमा उपस्थित पश्चिम बंगालका पञ्चायत अनि ग्रामीण विकास मन्त्री दिलिप घोषले भन्नु भएको हो। खरसाङको रेलवे स्टेशनमा आयोजित कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्नु हुदै दिलिप घोषले भन्नु भयो , 'हामीले लोकल कुराहरुलाई प्रमोट गर्न आवश्यक छ। किनभने प्रधानमन्त्री नरेन्द्र मोदीले पनि 'भोकल फर् लोकल' भन्नुहुन्छ। यहाँको ट्रोय ट्रेन लोकल जोय राइड हो र यसलाई विश्व सामु पुर्‍याउनु आवश्यक छ।' उहाँले अघि भन्नु भयो , 'धेरै वर्षदेखि सुनेको दार्जिलिङ पहाड र उत्तर बंगाल धेरै कुरादेखि वञ्चित भएका छन्। खरसाङमा पार्किङको समस्या ठूलो छ। यसको सामाधानको लागि सरकारसित मिलेर काम गर्न आवश्यक छ। यसको लागि सबैको साथ, सहयोग र सल्लाह सुझाउ चाहिन्छ। सरकार काम गर्न तयार छ, तर सबैले मिलेर रोड म्याप तयार पार्न आवश्यक छ।' मन्त्री दिलिप घोषले अझ भन्नु भयो , 'खरसाङ दार्जिलिङ क्षेत्रको प्राकृतिक सौन्दर्यलाई लिएर काम गर्न आवश्यक छ। पहाडमा पर्यटनको अपार सम्भावना छ। यहाँ नयाँ नयाँ पर्यटकीय स्थलहरू सिर्जना गर्न सकिन्छ। यहाँ पञ्चायत क्षेत्रमा धेरै समस्याहरु छन्। अब पञ्चायत क्षेत्रमा विकास गर्न आवश्यक छ। तर, अब सुर्ताउनु पर्दैन कारण सरकारको धेरै परियोजनाहरु लागू हुनेछ। पहिलेको सरकारले धेरै परियोजनाहरु लागू गरेको थिएन, जसकारण जनता सरकारी योजनादेखि वञ्चित थिए।'

बागडोगरा एयरपोर्ट मा 15 जून मा 'यात्री सुविधा दिवस'

केन्द्रमा भारतीय जनता पार्टी (भाजपा) को सरकारको १२ वर्ष पुगेको अवसरमा देशभर विभिन्न कार्यक्रमहरू आयोजना गरिएको छ। यसै क्रममा १५ जुनका दिन सिलिगुडीको बागडोगरा विमानस्थलमा 'प्यासेन्जर कन्भिनियन्स डे' यात्री सुविधा दिवस मनाउने घोषणा गरिएको छ। हिज शनिबार बागडोगरा विमानस्थलका निर्देशक नावेद नाजिमले पत्रकार सम्मेलन गरी यो जानकारी दिएका हुन्।निर्देशक नावेद नाजिमले यस दिन यात्री र विमानस्थलका कर्मचारीका लागि धेरै उपयोगी र जनकल्याणकारी कार्यक्रमहरू आयोजना गरिने बताएका छन्। यो विमानस्थलले ट्राफिक दृष्टिकोणले मात्र नभई रणनीतिक दृष्टिकोणले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। विगत १२ वर्षमा भएका विकास निर्माणको उल्लेख गर्दै उनले सन् २०१४ मा लगभग ४०० उडान भएको र अहिले यो संख्या बढेर ८६० पुगेको जानकारी दिएका छन्। यसका साथै यात्रीको संख्यामा पनि उल्लेख्य वृद्धि भएको बताएका छन्।

नावेद नाजिमले अघि भने एयरपोर्टमा आधुनिक अवतरण प्रणाली सहित धेरै अत्याधुनिक सुविधाहरू विकसित गरिएको छ, जसले उडान सञ्चालनलाई सुरक्षित बनाएको छ र यात्री सेवालाई अझ सुविधाजनक बनाएको छ। 'यात्री सुविधा दिवस' अन्तर्गत यात्रीका लागि स्वास्थ्य परीक्षण र टिकाकरण शिविर आयोजना गरिनेछ। यसबाहेक राष्ट्रिय गान र वन्दे मातरमका साथ सांस्कृतिक कार्यक्रमहरु पनि आयोजना हुनेछन्।

विमानस्थलका ट्याक्सी चालकका लागि निःशुल्क आँखा परीक्षण शिविर आयोजना गरिनेछ भने सफाइकर्मीलाई पुरस्कृत गरिनेछ।

**पुन: संशो-रात्रि फीफा विश्व कप**

फीफा विश्व कप 2026 को तेस्रो दिन, सैन फ्रांसिस्को बे एरिया स्टेडियममा ग्रुप-बीको मैच कतर र स्विट्जरलैंडको बीच ड्रॉमा टुंगिएको छ। त्यहि ग्रुप-सी मा ब्राजील र मोरक्को बीचको मैच पनि १-१ को ड्रामा टुंगिएको छ| ग्रुप-डीमा ऑस्ट्रेलिया र

तुर्कीको भिडन्त आज बिहान 9 बजेर 30 मिनट मा हुनेछ भने  ग्रुप-ई मा जर्मनी र कुराकाओ बिचको मैच आज राति 10 बजेर 30 मिनट देखि शुरु हुनेछ।

****** ० ******